# छथर जोरपाटी गाउँपालिका

## जोरपाटी, धनकुटा

# दोस्रो गाउँ सभाको सातौं अधिवेशनमा प्रस्तुत

# आ.व. २०८२/०८३ को बजेट वक्तव्य


प्रस्तोताः

गिता गुरूङ

उपाध्यक्ष

छथर जोरपाटी गाउँपालिका

**छथर जोरपाटी गाउँपालिका**

**जोरपाटी, धनकुटा**

**दोस्रो गाउँ सभाको सातौं अधिवेशनमा प्रस्तुत**

**आ. व. २०८२/०८३ को वजेट वक्तव्य**

**यस गरिमामय सभाका सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

आदरणीय छथर जोरपाटीबासी तथा यहाँबाट देश विदेशमा रहनु भएका सम्पूर्ण आमा-बुवा, दाजु-भाइ तथा दिदी बहिनीहरु, यस **दोस्रो गाउँ सभाको सातौ औँ अधिवेशनमा** उपस्थित सम्पूर्ण महानुभावहरु सबैमा न्यानो अभिवादन सहित स्वागत गर्न चाहान्छु ।

- हामी नेपाली सबैको अथक प्रयासबाट यो मुलुकमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रतिफलस्वरुप सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट निस्रित नेपालको संविधानको धारा २३० को अधिकार प्रयोग गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम आज यस छथर जोरपाटी गाउँपालिकाको आ.व. २०८२।०८३ को राजस्व र व्ययको अनुमान पेश गर्न उपस्थित भएको छु ।

- छथर जोरपाटी गाउँपालिका आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने यो ऐतिहासिक अवसार प्राप्त भएकोमा म आफुलाई गौरवान्वित महशुस गर्दछु ।

- यस सन्दर्भमा सर्वप्रथम यो मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने क्रममा भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै उहाँहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

- **"विकसित नेपाल विवेकशिल नेपाली"** भन्ने नारालाई आत्मसात गर्दै यस छथरजोरपाटी गाउँपालिकाको तर्फबाट **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार - छथर जोरपाटी दिगो विकासको आधार"** भन्ने दीर्घकालीन सोचलाई मुख्य पथप्रदर्शनको रुपमा अंगीकार गर्दै वर्तमान र भविष्यमा प्राप्त हुने सम्पूर्ण श्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रित रहने गरी यो वजेट प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

- नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु, राज्यले अवलम्बन गरेको समाजवाद उन्मुख अर्थतन्त्र, नेपाल सरकारको चालु सोह्रौ पञ्च वर्षिय योजना, नेपाल सरकारको आ.व. २०८२/०८३ को बजेट, कोशी प्रदेश सरकारबाट लागू गरिएको पञ्च वर्षिय आवधिक योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको आ.व. २०८२/०८३ को बजेट, हालै पारित गरिएको यस गाउँपालिकाको २०८२/०८३ को नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, लैंगिक उत्तरदायी बजेटको सिद्धान्त, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर–सरकारी वित्त व्यस्थापन ऐन, २०७४, स्थानीय तहको मध्यकालीन खर्च संरचना दिग्दर्शन, २०७८, मिति २०८२ असार ९ गते यसै सभाबाट पारित नीति तथा कार्यक्रम, सरोकारवाला साझेदार संघ संस्था तथा विज्ञहरुबाट प्राप्त सुझाव, अन्य प्रचलित कानून समेतलाई ध्यानमा राखी यो बजेट तर्जुमा गर्ने प्रयत्न गरेको छु ।

**सभाध्यक्ष महोदय !**

अव छथर जोरपाटी गाउँ कार्यपालिकाको चालु आ.व. २०८१/०८२ को संशोधित बजेट खर्च र आगामी आ.व. २०८२/०८३ को लागि आय व्यय अनुमान पेश गर्न चाहन्छु ।

- चालु आ.व. २०८१/०८२ को कुल अनुमानित वजेट रु. ४७ करोड ३८ लाख १८ हजार ९ सय २९ रहेको थियो जसमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानबाट रु. ८ करोड ५३ लाख आय अनुमान गरिएकोमा ७ करोड ८२ लाख ७१ हजार आय प्राप्त भएको छ भने ७० लाख २८ हजार ७ सय २० आय प्राप्त हुन बाँकी रहेको छ ।
- राजस्व बाँडफाँड तर्फ रु. ७ करोड ८४ लाख अनुमान गरिएकोमा ६ करोड ९ लाख १५ हजार प्राप्त भएको र १ करोड ७४ लाख ८५ हजार प्राप्त हुन बाँकी रहेको छ ।
- सशर्त अनुदान तर्फ रु. २० करोड ६६ लाख ४९ हजार अनुमान गरिएकोमा २० करोड ३० लाख ४९ हजार प्राप्त भएको ३६ लाख प्राप्त हुन बाँकी रहेको छ ।
- समपुरक अनुदान तर्फ रु १ करोड ५० लाख विनियोजन भएकोमा २४ लाख ३७ हजार मात्र प्राप्त भएको १ करोड २५ लाख ६३ हजार प्राप्त हुन बाँकी रहेको छ ।
- प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ५१ लाख १२ हजार विनियोजन भएकोमा ५१ लाख १२ हजार प्राप्त भएको छ ।
- प्रदेश राजस्व बाडफाँड तर्फ रु.३० लाख ५२ हजार विनियोजन भएकोमा ३० लाख ५२ हजार प्राप्त भएकोमा छ ।
- प्रदेश सशर्त अनुदान तर्फ रु १ करोड २१ लाख ४१ हजार विनियोजन भएकोमा १ करोड २१ लाख ४१ हजार प्राप्त भएको छ ।
- प्रदेश समपुरक अनुदान तर्फ रु १ करोड १० लाख विनियोजन भएकोमा १ करोड प्राप्त भएको रू १० लाख प्राप्त हुन बाँकी रहेको छ ।
- यसैगरी आन्तरिक आय तर्फ रु. १ करोड १० लाख उठ्ने अनुमान रहने अनुमानमा ६६ लाख २३ हजार मात्र प्राप्त भएको छ ।

**श्रद्धेय सभाअध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८२/०८३ को लागि छथर जोरपाटी गाउँपालिकाको आयव्ययको अनुमान, समग्र क्षेत्रगत प्रस्तावित कार्यक्रम, कार्यक्रममा भएको विनियोजन, मुख्य क्रियाकलाप र बजेटसार संक्षेप प्रस्तुतिका लागि अनुमति चाहन्छु ।

- आगामी आ.व. को लागि संघीय सरकारबाट सशर्त अनुदानमा हस्तान्तरित विभिन्न कार्यक्रमहरूका लागि चालुतर्फ १७ करोड ८२ लाख र पूँजीगततर्फ रु. ७२ लाख, संघीय समपुरक अनुदान पूँजीगततर्फ रू १ करोड र विशेष अनुदान ८५ लाख, संघीय समानीकरणतर्फ रू ८ करोड ६९ लाख र संघीय राजश्व वाँडफाँडबाट ७ करोड ८३ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

- यस्तै प्रदेश सरकारबाट निर्धारित विभिन्न कार्यक्रमहरूका लागि सशर्त अनुदान पूँजीगततर्फ २९ लाख ९८ हजार र चालुतर्फ २७ लाख ८५ हजार, प्रदेश समपुरक अनुदान पूँजीगततर्फ रू १ करोड, प्रदेश समानीकरण अनुदान रू ७६ लाख ८४ हजार र प्रदेश राजश्व बाँडफाँडबाट ५२ लाख ९७ हजार प्राप्त हुने अनुमान गरिएको छ।
- आन्तरिक आय रू १ करोड १० लाख, चालु आ.व.को मौज्दात रु. ४ करोड ९ लाख १५ हजार समेत गरी कुल रू ५ करोड १९ लाख १५ हजार मात्र छथर जोरपाटी गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुने अनुमान गरिएको छ।
- चालु आ.व. २०८२।०८३ को लागि विभिन्न स्रोतहरुबाट प्राप्त भई सञ्चित कोषमा जम्मा हुने रकमलाई छथर जोरपाटी गाउँपालिकाको सर्वाङगिण हितलाई ध्यानमा राख्दै तथा जनभावनको कदर गर्दै विभिन्न शिर्षकहरुमा बजेट विनियोजन गरी चालु तर्फ जम्मा ३० करोड ३६ लाख २९ हजार ५ सय मात्र पुँजीगत तर्फ १४ करोड ६१ लाख ५४ हजार ५ सय मात्र गरी जम्मा रु ४४ करोड ९७ लाख ८४ हजार व्यय अनुमान गरिएको छ।

**श्रद्धेय सभाअध्यक्ष महोदय,**

अब म विषयक्षेत्रगत र सोको उपक्षेत्रहरुमा निर्धारण गरिएको योजना तथा कार्यक्रम र सोको लागि विनियोजित बजेटको सम्बन्धमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## क. आर्थिक विकास क्षेत्रतर्फ

### कृषि विकासका तर्फ

**"कृषि पेशामा लागौ आत्म निर्भर वनौं"** भन्ने नारालाई सार्थक बनाउन कृषि तथा पशुपन्छी विकास तर्फ कृषि व्यवसायलाई आधुनिक व्यवस्थित व्यवसायिक तथा प्रविधिकरण तर्फ लैजान तरकारी खेतिका लागि उन्नत बिउबिजन वितरण साथै **एक वडा दुइ पकेट कार्यक्रम**, **अध्यक्षसंग कृषि कार्यक्रम**लाई प्राथमिकता दिइ पालिकाको स्वामित्वमा रहेको चिया वगान संरक्षण कार्यक्रम, कृषि तथा पशु व्यावसायलाई प्रतिस्पर्धी एवं व्यवसायिक वनाउन सोध भर्ना सापट्टी कार्यक्रम अन्तर्गत कृषि प्रवर्द्धन कोष समेतको लागि ३५ लाख वजेटको व्यवस्थापन गरेको छु।

### पशु विकासका तर्फ

**"वसाई सरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई"** कार्यक्रमलाई निरन्तरता दिएको छु। साथै नश्ल सुधार, पशुजन्य रोग नियन्त्रण, र व्यवसायिक पशुपालन र मासु उत्पादन क्षेत्रलाई वृद्धि गर्न साथै बाख्रा, गाई, भैसी तथा वंगुर कृत्रिम गर्भाधान कार्यक्रम, रेविज सिविर सञ्चालन, माछा भुरा वितरण ७५% अनुदान, साझेदारीमा पशुपालनका लागि आवस्यक मेसिन, औजार, उपकरण खरिद तथा वितरण (७५% अनुदान) साथै सवै वडामा भकारो सुधार कार्यक्रम, साथै कृषि सेवा केन्द्रमा कृषि सेवा केन्द्रलाई विस्तार गर्न समेत गरी रू. ३५ लाख बजेट विनियोजन गरेको छु।

**सहकारी, उद्योगका तर्फ**

- सहकारी संस्थाहरुको विकास तथा व्यवस्थापनको गर्न बनेको सफ्टवेयर सम्बन्धी तालिमको साथै चालु अवस्थमा रहेका संस्थाहरुको प्रवर्द्धन गर्दै सूचना प्रविधिमा विस्तार गर्न ७५ प्रतिशत अनुदानमा कम्प्यूटर वितरण कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छू।
- त्यसैगरी ***"उद्यमशीलताबाट स्वरोजगार - यस गाउँपालिकाको नागरिक हुन्न बेरोजगार"*** भन्ने नारालाई सार्थक तुल्याउने प्रयास गरेको छु। पालिकाका विपन्न वर्गहरूलाई लक्षित गर्दै उद्योग व्यवसाय तर्फ आकर्षण गर्न लघु उद्यम विकास कार्यक्रम, आय आर्जनको आधुनिक तथा भरपर्दो स्रोत पर्यटन विकास र स्थानिय स्रोत र साधनको परिचालनको सारथीको रुपमा स्थापित सहकारी क्षेत्रको लागि उचित बजेट विनियोजन गरेको छु साथै लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनको लागि ७५ % अनुदानमा मेसिन औजार उपकरण वितरणमा समेत गरी रू ३ लाख विनियोजन गरेको छ ।

**जलश्रोत तथा सिंचाई तर्फ**

- यसैगरी जलश्रोत तथा सिँचाइ तर्फ प्रदेश तथा संघ र साना सिंचाई साझेदारी समेत गरी सिंचाई आयोजनाको माध्यमबाट खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुबिधा पुर्याउन कुलो मर्मत तथा निर्माण गरी सिञ्चित क्षेत्र विस्तारका लागि आवश्यक रु ११ लाख विनियोजन गरेको छु।

**विद्युत तर्फ**

- छथर जोरपाटी उज्यालो कार्यक्रम अन्तर्गत विपन्न नागरिकहरुको विद्युत महशुल छुट सम्बन्धमा उचित बजेट व्यवस्था गरेको छु।

**पर्यटन विकास तर्फ**

- **"पर्यटन पुर्वाधारको विकास गरौ छथर जोरपाटी गाउँपालिकालाई चिनाउँ"** भन्ने नाराका साथ यस पालिकाको विभिन्न जातजातीको संस्कृति झल्कने पर्यटकिय स्थल पहिचान गरी आवश्यक पूर्वाधार निर्माणकालागि रु १० लाख बजेट विनियोजन गरेको छु।

**ख. सामाजिक क्षेत्र**

**शिक्षा तर्फ, युवा तथा खेलकुद तर्फ**

- **"बालबालिकाहरुलाई कक्षा कोठामा ल्याऔँ, सिकाऔँ, पढाईमा टिकाऔँ र समाजमा विकाऔँ" र "शिक्षालाई श्रमसँग, श्रमलाई रोजगार सँग, रोजगारलाई उत्पादन सँग, उत्पादनलाई बजार सँग"** भन्ने कार्यक्रमलाई प्रभावकारी बनाउन प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत नर्सरी र केजी कक्षाको लागि शिक्षक, नर्सरी देखि कक्षा ६ सम्मका वालबालिकाहरुलाई दिवा खाजा, झोला र अंग्रेजी माध्यमको पाठ्यपुस्तकको व्यवस्था र यस गाउँपालिका अन्तर्गतको सबै प्राथमिक विद्यालयलाई प्रविधिसंग जोड्न साथै छोरा र छोरीवीच भेदभाव नगरी समान शिक्षा प्राप्त गरुन् भन्ने उद्देश्यका साथ सामुदायिक विद्यालयवाट SEE मा उत्कृष्ट अङ्क ल्याउने गरिव, शहिद परिवार, अल्प संख्यक, एकल परिवार, दलित तथा जेहेन्दार विद्यार्थी मध्ये विज्ञान विषय अध्ययनका लागि कोटा

प्रणालीका आधारमा ११ र १२ मा अध्ययन गर्ने प्रति वर्ष क्रमशः एक छात्र र एक छात्रालाई **“छथर जोरपाटी शैक्षिक छात्रवृत्ती”** का लागि रू. २ करोड ११ लाख बजेटको व्यवस्थापन गरेको छु।

- अध्यक्ष कप वडा स्तरीय भलिवल प्रतियोगिता, अध्यक्ष कप अन्तर स्थानीय तह स्तरीय फुटबल प्रतियोगिता, हरिराजखेवा स्मृति कप फुटबल प्रतियोगिता, राष्ट्रपति रनिङशिल्ड खेलको माध्यमबाट विद्यालय उमेरबाटै बालबालिकाको सहभागिता रहने गरी सम्भाव्य सबै प्रकारका खेलकुद कार्यक्रमको विकास र विस्तार गरी खेलकुदको क्षेत्रमा दक्ष र व्यवसायिक जनशक्तिको विकास गर्नका साथै खेलको माध्यमबाट छथर जोरपाटीको पहिचान स्थापित गर्ने तथा खेलाडीहरूको सुनिश्चित भविष्य निर्माणमा आर्थिक र सामाजिक रुपले संरक्षण र सुरक्षा प्रदान गर्न रू १० लाख बजेटको व्यवस्थापन गरेको छु।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक लक्षित**

- **“समावेश गर्छौं हामी अधिकार सहितको महिला बालालिका अपाङ्ग अल्पसंख्यक अदिवासी जनजाती दलित एवं जेष्ठ नागरिक सहितको”** भन्ने नारालाई सार्थक वनाउँन को लागि महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरीक, आदिवासी जनजाती र दलितको क्षेत्रमा एकल महिला बिउ पूँजी कोष, नेतृत्व तथा क्षमता विकास तालिम, तिज विशेष कार्यक्रम, लैंगिक हिंसा कोष तथा घरेलु हिंसा विषयक कानूनी सचेतना कार्यक्रम, बाल सञ्जाल गठन, बाल उद्यान निर्माण, बालबालिका कोष, सबै वडामा ज्येष्ठ नागरिकहरुको कार्यक्रममा रू ३० लाख बजेट व्यवस्था गरेको छु।

**स्वास्थ्य तर्फः**

- **म स्वस्थ, मेरो पालिका स्वस्थ, मेरो देश स्वस्थ"** भन्ने नारालाई आत्मासाथ गर्दै विपन्न तथा लक्षित वर्गका नागरिकहरूलाई **स्वास्थ्य विमामा ५०% अनुदान कार्यक्रम साथै “क र ख” वर्गको अपाङ्गता भएको नागरीकलाई निःशुल्क विमा कार्यक्रम, “उपाध्यक्षसँग गर्भवती आमा तथा शिशु पोषण कार्यक्रम”** साथै वर्थीङ सेन्टरको व्यवस्थापनको लागि र **जेष्ठ नागरिकहरुको स्वास्थ रहने अधिकारलाई ध्यानमा राख्दै ६/६ महिनामा एक पटक स्वास्थ परिक्षण र निशुल्क औषधी वितरण लगायत सम्पुर्ण स्वास्थ्य क्षेत्रमा रु. ६० लाख बजेट विनियोजन गरेको छु।**

**ग. पूर्वाधार क्षेत्र**

- यसैगरी गाउँपालिकाको त्रिशुले-हात्तीखर्क सडक कालोपत्रलाई निरन्तरता दिने, लामिछाने पाथिभरा त्रिवेणी ग्रामिण सडक, वैशाखे जौ बारी सडकको स्तरोन्नती गर्ने कार्य यस आ.व.मा पनि थप गरिनेछ। आम नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक विकाससँग जोडिएका महत्वपूर्ण सडकहरुको स्तरोन्नति गरिनेछ।
- संघ र प्रदेशको साझेदारीमा हुने आयोजना सञ्चालनका लागि समपुरक कोषमा बजेट व्यवस्थापन गरेको छु। यस गाउँपालिकाका गौरवका योजनाहरु त्रिशुले हात्तिखर्क सडक तथा जोरपाटी चुलाचुली लामिछाने डाँडा सडक स्तरोन्नती गरिनेछ। सिंधुवा-चप्परीचोक-यज्ञडाँडा सडक कालोपत्रे, जोरपाटी स्कुलडाँडा सल्ले सडक खण्डको काम अगाडी बढाइनेछ। केदारनाथ स्मृति भवन व्यवस्थापनका लागि समेत बजेट व्यवस्थापन गरेको छु।

- सडक सञ्जालको विकास भएपछि नै कुनै पनि स्थानको आर्थिक, सामाजिक रुपान्तरण हुन्छ भन्ने कथनलाई मुर्त रुप दिनको लागि गाउँपालिकाको गौरवका रुपमा रहेका पालिकास्तरीय सडकहरुलाई स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिएको छु। पूर्वाधार विकास तर्फ संघीय सरकारको साझेदारिमा संचालन हुने त्रिशुले हात्तिखर्क सडक स्तरोन्नतीको लागि समपुरक साझेदारिको लागी र प्रदेश समपुरक तर्फबाट संचालन हुने सिंधुवा चपरीचोक यज्ञडाँडा सडक र चुलाचुली काजीमाने लामिछाने डाँडा सडक कालोपत्रे साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु। जोरपाटी लिफ्टिङ्ग खानेपानी परियोजना निमार्णको लागि उचित वजेट विनियोजन गरेको छु।
- वडा नं ६ को वडा कार्यालयको भवन निर्माणको लागि बहु वर्षीय योजनामा राखी कार्यन्वयन गरिनेछ साथै खेलकुदका लागि पूर्वाधार, साँस्कृति सम्पदा र प्रतिष्ठान निर्माणको लागि समेत गरी पूर्वधार विकास तर्फ ७ करोड ७५ लाख बजेट विनियोजन गरेको छु।

## घ. विपद व्यवस्थापन र वातावरण तथा जलवायू

**"मानविय हिसावले जुटौ विपदलाई कम गरौं"** भन्ने नारालाई सार्थक वनाउन यस छथर जोरपाटी गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन अनुकुलन गर्ने प्रयोजनकालागि विपद् व्यवस्थापन कोषमा थप बजेटको व्यवस्था, विपद जोखिम न्यूनिकरण तथा जलवायु अनुकुलन अभिमुखिकरण कार्यक्रम लाई अघि बढाइएको, गाउँपालिकाको मूख्य सडक किनारा तथा खुल्ला पाखाहरुमा वृक्षरोपण कार्यक्रमको लागि रु. ३० लाख वजेट व्यवस्थापन गरेको छु ।

## ङ. खानेपानी तर्फः

यस पालिकामा बसोबास गर्ने नागरिकहरुको शुद्ध खानेपानी पिउन पाउने अधिकारको सुनिश्चितताको लागि खानेपानी मूल संरक्षण, मर्मत सम्भार र विस्तारको लागि रु. १२ लाख विनियोजन गरेको छु।

## च. वडा कार्यालय तर्फः

नेपाल सरकार द्वारा जारी गरिएको मध्यकालिन खर्च संरचना बजेट तर्जुमा दिग्दर्शन, २०७८ मा व्यवस्था भए अनुसार जनसंख्या, भुगोल, पूर्वाधार विकासको अवस्था, राजश्व संकलनको क्षमता र जनसहभागिताको आधारमा ६ वटै वडामा जम्मा २ करोड ४७ लाख बजेट विनियोजन गरेको छु। सो रकम मध्ये राजश्व संकलनको क्षमता, भुगोल, जनसंख्या, मानव विकास तथा पुर्वधार विकासको अवस्था र जनसहभागिता को आधारमा वडा नं १ मा ४० लाख, २ नं वडामा ४० लाख, ३ नं वडा मा ३९ लाख, ४ नं वडामा ३८ लाख, ५ नं वडा मा ४१ लाख र ६ नं वडामा ४२ लाख गरी जम्मा २ करोड ४० लाख विनियोजन गरेको छु।

## छ. कार्यालय संचालन तर्फ

- राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राख्दै आफनो काम कर्तव्य प्रति सदा उत्प्रेरित राखी यी सेवामा कार्यरत कर्मचारीहरु मध्येबाट हरेक वर्ष कम्तिमा एक जना कर्मचारी लाई तोकिएको नगद

सहित ***"छथर जोरपाटी राष्ट्र सेवा सम्मान"*** तथा प्रमाण पत्रबाट स्थापना दिवसमा पुरस्कृत गर्ने कार्यक्रम राखेको छ । संस्थागत विकास, सेवा प्रवाह व्यवस्थापन, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण व्यवस्थापन, न्याय सम्पादन तथा व्यवस्थापन कार्यालय संचालन समेतका लागि रु. ७ करोड १हजार विनियोजन गरेको छु। समाजवाद उन्मूख समाजमा श्रमको उचित सम्मान हुनुपर्छ भन्ने मान्यता अनुरुप नेपाल सरकारबाट न्यूनतम् ज्याला तथा पारिश्रमिक तोकिएको र सो वमोजिमको वजेट व्यवस्थापनका लागि स्थानीय सरकारलाई जिम्मेवार बनाइएको हुँदा स्थायी तथा नेपाल सरकारबाट तोकिएको प्रचलित तलवमान बमोजिम तलव भत्ता खाइपाइ आउनु भएका शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक तथा तलव शिर्षकमा आवश्यक वजेट विनियोजन गरेको छु । गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारी एवं कार्यालय सहयोगीहरु तथा गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने गरी करार सेवामा नियुक्त सामुदायिक विद्यालयका प्रारम्भिक शिक्षक, सामुदायिक विद्यालयका प्रारम्भिक शिक्षक तथा आधारभुत तर्फका विद्यालय कर्मचारीहरु र मा वि तथा आधारभुत्त तहका अनुदानमा रहेको शिक्षकहरुको मासिक खाइपाइ आएको पारिश्रमिकको लागि करार सेवा शुल्कमा उचित वजेट सुनिश्चित हुने गरि वजेटको व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय !**

यसै सम्मानित गाउँ सभाबाट पारित नीति तथा कार्यक्रमका आधारमा तयार भएको यो आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि विनियोजित बजेट र व्यहोरिने स्रोत अनुसूचीहरुमा विस्तृत रुपमा प्रस्तुत हुने हुँदा यहाँ संक्षेपमा मात्र प्रस्तुत गर्न चाहन्छु। हाल नेपाली अर्थतन्त्रमा आएको सुस्तताको कारण संघिय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको राजस्व परिचालनमा प्रभाव पर्न गइ गाउँपालिकाको आयमा संकुचन हुन गएको हुदाँ आम छथर जोरपाटी गाउँपालिका वासीहरुको असिमित मागहरुको सम्बोधन गर्ने कार्य निश्चय नै सहज छैन। यध्यपी, यस पालिकाको क्षमता अनुरुप दिगो विकासमा टेवा पुग्ने र गाउँवासीहरुको जीवनस्तरलाई माथि उठाउने योजनाहरुलाई प्राथमिकतामा राख्ने प्रयास गरेको छु।

संघीय तथा प्रदेश वित्तिय हस्तान्तरणमा आएको संकुचनले आगामी आ.ब. २०८२/०८३ को लागि कुल वजेटमा वृद्धि हनु सकेन र आगामी आवको बजेटको लागि रु. ४४ करोड ९७ लाख ८४ हजारको जम्मा बजेट प्रस्ताव पेश गरेको छु, जुन गत वर्षको तुलनामा २ करोड ४० लाख ३५ हजार (५.०७) प्रतिशत) ले कमी हुन पुगेको छ। यसमा चालु तर्फ रु ३० करोड ३६ लाख २९ हजार र पूजिगत तर्फ रु. १४ करोड ६१ लाख ५४ हजार ५ सय रहने गरी बजेट विनियोजन गरेको छु।

सामाजिक सुरक्षा भत्ता, अन्य कार्यक्रम तथा आयोजना अन्तर्गत प्राप्त हुन आउने रकमहरु जो संघीय अन्तर सरकारी हस्तान्तरण कार्यक्रम सिग्यास (CGAS) बाट भुक्तानी गर्नु पर्ने रकमहरु हाल सम्म अख्तियारी नआएकोले यो बजेट अंकमा समावेश नगरिएको व्यहोरा यस सभामा जानकारी गराउन चाहन्छु।

**सभाध्यक्ष महोदय !**

यस गाउँपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट २०८२।०३।०९ गते पारित भइसकेकोले ती सबै नीतिगत विषयहरुलाई समेटने प्रयत्नका साथ यो आय व्यय अनुमान पेश गरेको छु | सो विषयहरु विनियोजन विद्येयक २०८२ को अनुसूची खण्डमा समेटिएको व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दे आजको यो महत्वपूर्ण क्षणमा आपनो अमुल्यल समय दिनु भएकोमा यस गाऊँ सभाका सम्पूर्ण सदस्यज्यूहरु, उपस्थित पत्रकार, सुरक्षाकर्मी तथा अन्य महानुभावहरु र अहोरात्र खटीई हामीलाई सहयोग गर्नु भएका राष्ट्र सेवक कर्मचारीहरु तथा सम्बन्धित सबैमा सहयोगका लागि हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

मिति २०८२ साल असार ०९ गते

गिता गुरुङ्ग
गाउँपालिका उपाध्यक्ष
छथर जोरपाटी गाउँपालिका
जोरपाटी, धनकुटा